बैठक संख्याः १६६/०२/२०८१/०८२
मिति :२०८१/०५/३१
समय : बिहान ८ . बजे

आज मिति २०८१/०५/३१ गते सोमबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्र बहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री खेमराज विष्ट – प्रमुख प्रशासकीय अधिकृत सदस्य | सदस्य सचिव |

Scanned with CamScanner

मिति २०८१/०५/३१ गते

**१६६ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १:** १६५ औ कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २:** आ. व. २०८१/८२ मा तयार पारिएको शुक्लाफाँटा नगरपालिका वडा नं. ८ अन्तरगत पर्ने गौडी खोला र अनौखि खोलाको बगर क्षेत्रबाट दिगो रुपमा नदिजन्य पदार्थको उत्खनन संकलन सम्बन्धी कार्यको अध्याबधिक प्रारम्भिक वातावरणिय परीक्षण अध्ययन प्रतिवेदन स्वीकृत गरि देहाय वमोजिम न्यूनतम कबोल अंक कायम गरी आन्तरिक आयको ठेक्का आह्वान गर्ने ।

देहायः

| सि. नं. | विवरण | न्यूनतम कबोल अंक रू. (मु. अ. कर वाहेक) | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ८ मा गौडी खोलाबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा व्यबस्थापन | १,०१,५६,३०७.२४ | |
| २ | वडा नं. ८ मा अनौखी खोलाबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा व्यबस्थापन | ६५,८६,३८८.७६ | |

**निर्णय नं. ३:** विगत लामो समयदेखी भोगचलन गर्दै आईरहेका शु.न.पा. कार्यालयको क़ार्यालय लगायत शु.न.पा. वडा नं. १, ९, १० र ११ मा रहेका तपसिलका कित्ताहरु तथा सम्वन्धीत संस्थाहरुको नाममा दिर्घकालिन भोगाधिकार जग्गाधनी प्रमाण पूर्जा प्राप्ती लागि प्राविधिक प्रतिवेदन सहित भुमिसुधार तथा मालपोत कार्यालय महेन्द्रनगर कंचनपुरलाई सिफारिस गर्ने ।

**तपसिल**

१. साविक झलारी गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ०२६००३० को कित्ता नं. ८५१ को जग्गा शुक्लाफाँटा नगरपालिका नगरकार्यपालिका कार्यालयको नाममा जग्गा प्राप्ती गर्न माग गर्ने ।

२. साविक झलारी गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ०२६०११० को कित्ता नं. ४१३ को जग्गा शुक्लाफाँटा नगरपालिका खेलमैदान तथा नगर कभर्ड हलले प्रयोग गरेको जग्गा शुक्लाफाँटा नगरपालिकाको नाममा जग्गा प्राप्ती गर्न माग गर्ने ।

Scanned with CamScanner

३. साविक झलारी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ०२०-१५९१ को कित्ता नं. २५१ को जग्गा श्री मंगल आधारभूत विद्यालय शु.न.पा. ९ सिसैयाको नाममा जग्गा प्राप्ती गर्न सिफारिस गर्ने ।

४. साविक झलारी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ०२६-००७० को कित्ता नं. ७ को जग्गाको दक्षीण पश्चिम तर्फबाट श्रीकृष्ण वैजनाथ बहुमुखि क्याम्पस शु.न.पा. १० झलारीलाई आवश्यकता अनुसार जग्गा प्राप्त गर्न सिफारिस गर्ने ।

५. साविक झलारी गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ०२६००३० को कित्ता नं. ३५५, ३५३ र ३५४ को जग्गा शुक्लाफाँटा नगरपालिकाको नाममा जग्गा प्राप्ती गर्न माग गर्ने ।

६. साविक झलारी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ०२६००३१ को कित्ता नं. ५ को उत्तर तर्फबाट पश्चिम तर्फ बाटो मोहडा १०७ मिटर हुने गरी उत्तर तर्फ बाट ५२४४.२२ वर्ग मिटर जग्गा श्री अशिग्राम मा.वि. शु.न.पा. ९ सिसैयाको नाममा जग्गा प्राप्ती गर्न सिफारिस गर्ने ।

७. साविक झलारी गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ०२६००३१ को कित्ता नं. ५ को दक्षीण तर्फबाट पश्चिम तर्फ बाटो मोहडा ४१ मिटर हुने गरी दक्षीण तर्फ बाट १६०६.८२ वर्ग मिटर जग्गा शुक्लाफाँटा नगरपालिकाको नाममा जग्गा प्राप्ती गर्न माग गर्ने।

८. साविक झलारी गा.वि.स. वडा नं. ७, नक्सा सिट नं. ०२६००३० को कित्ता नं. ३११, ३१२ को दक्षीण तर्फबाट हाल भोगचलन गरिरहेको जग्गा शुक्लाफाँटा नगरपालिकाको नाममा जग्गा प्राप्त गर्न माग गर्ने ।

९. साविक पिपलाडी गा.वि.स. वडा नं. ३, नक्सा सिट नं. ०२६०२७० को कित्ता नं. २१९, २२० को जग्गा श्री सिद्ध वैजनाथ मा. वि. शु.न.पा. १ वन्साहाको नाममा जग्गा प्राप्ती गर्न सिफारिस गर्ने ।

**निर्णय नं. ४:** शुक्लाफाँटा नगरपालिका भू उपयोग क्षेत्र वर्गिकरण कित्तागत विवरण, २०७९ मा समावेश नभएका भूउपयोग क्षेत्र वर्गिकरण सम्बन्धि मापदण्ड र आधारहरु वमोजिमको मापदण्ड पुरा भएका कित्ताहरुलाई उक्त विवरणमा समावेश हुने गरि शुक्लाफाँटा नगरपालिका भू उपयोग क्षेत्र वर्गिकरण कित्तागत (दोस्रो संसोधन) विवरण, २०८१ स्वीकृत

Scanned with CamScanner

गर्ने बारेको शुक्लाफाँटा नगरपालिका स्थानीय भू उपयोग परिषदको मिति २०८१/०५/३१ गतेको निर्णय अनुमोदन/स्वीकृत गरि राजपत्रमा प्रकाशित गर्ने ।

**निर्णय नं. ५**: वडा नं. १२ डिलाशैनी बन उपभोक्ता समूह, कालागौडी, कंचनपुरको कार्ययोजना नविकरणका लागि डिभिजन वन कार्यालय, कंचनपुरलाई सिफारिस गर्ने ।

**निर्णय नं. ६**: शुक्लाफाँटा नगरपालिको आ. व. २०८०/८१ को आन्तरिक लेखा परीक्षण गर्नु पर्ने भएकोले प्राप्त निवेदन अनुसार नेपाल सरकारका सेवा निवृत लेखा अधिकृत वंशिधर भट्टलाई आन्तरिक लेखा परीक्षकमा नियुक्त गर्ने ।

**निर्णय नं. ७**: यस नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा स्थायी शिक्षक प्रधानाध्यापक व्यवस्थापन गर्ने सन्दर्भमा तपसिलमा उल्लिखित विद्यालयहरूमा हालसम्म पनि वरिष्ठतम् स्थायी शिक्षकलाई प्रधानाध्यापक नतोकेको देखिएको र विद्यालयको शिक्षक पदपुर्ति लगायतका प्रशासनिक तथा आर्थिक कामकाजमा समेत समस्या हुन गएकाले शिक्षा नियमावली,२०५९ (संसोधन सहित) को निम ९३ उपनियम १२ मा व्यवस्था भए बमोजिम तपसिल बमोजिम वरिष्ठतम् स्थायी शिक्षकहरूलाई प्रधानाध्यापक तोक्ने ।

तपसिल :

१. शिक्षक श्री राजेन्द्र पाण्डेय - श्री सिद्धनाथ माध्यमिक विद्यालय वेल्डाडीं शु.न.पा.०८

२. शिक्षक श्री दिपराज अवस्थी - श्री पञ्चकोटी मणिकाधाम आ.वि. पिल्लरीफाँटा शु.न.पा.०८

**निर्णय नं ८:** नगरपालिका अन्तर्गतको श्री सिद्धबैजनाथ माध्यमिक विद्यालय वंशाहको च.नं. ४९ मिति २०८१/०५/३० को पत्र तथा विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०५/३० को निर्णयानुसार उक्त विद्यालयका माध्यमिक तहका स्थायी शिक्षक श्री विरेन्द्र सिँह साउदले आफु प्रधानाध्यापक पदमा रहि कामकाज गर्न असमर्थ रहेको व्यहोराको निवेदन समेत पेश गरेबाट विद्यालयको दैनिक प्रशासन, आर्थिक प्रशासन, शिक्षक पदपुर्ति लगायतका कामकाज सम्पादन गर्न समस्या भएकाले तहाँ बाटै प्रधानाध्यापक तोकी पठाइदिन हुन भनी अनुरोध भइ आएकाले सो समस्यालाइ ध्यान दिई हाल निमित्त प्रधानाध्यापकको रूपमा कामकाज गरिरहेका प्राथमिक तह द्वितीय श्रेणीका स्थायी शिक्षक श्री राज बहादुर साउदलाई अर्को व्यवस्था नभएसम्मका लागि हाललाई विद्यालका सम्पुर्ण कामकाज गर्ने गरी निमित्त प्रधानाध्यापकको रूपमा कामकाज गर्ने गरी निरन्तरता दिने ।

**निर्णय नं. ९**: दरबन्दी मिलान तथा तहगत प्रधानाध्यापक व्यबस्थापन लगायत शिक्षा क्षेत्रमा नगरपालिकाले गरेका कामहरु बारे थप अध्ययन गरि विद्यमान त्रुटी, कमिकमजोरी तथा

Scanned with CamScanner

सुधारका क्षेत्रहरु पहिचान गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न यस अघि गठित कार्यदललाई जिम्मेवारी दिने ।

**निर्णय नं. १०** : शुक्लाफाँटा नगरकार्यपालिकाको १६५ औं बैठकको निर्णय नं. ११ तथा यस संग सम्बन्धित उपरोक्त निर्णयहरु कडाईका साथ कार्यान्वयन गर्ने तथा निर्णय कार्यान्वयनमा अटेरी गर्ने पदाधिकारीहरुलाई नियमानुसार कारवाही गर्न शिक्षा शाखालाई निर्देशन दिने ।

Scanned with CamScanner